फोनः०५६-४१०१२२/४१०१११
इमेलःinfo@ichchhakamanamun.gov.np
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

मितिः २०८१/०४/२७

श्री निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) बिक्रेता व्यवसायीहरु सबै,
श्री अस्थायी ईजाजत प्राप्त क्रसर उद्योगहरु सबै,
श्री यस गाउँपालिका भित्र सञ्चालित आयोजना सबै,
इच्छाकामना गाउँपालिका।

**विषयः- मौज्दात प्रमाणित गर्ने/गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस इच्छाकामना गाउँपालिका क्षेत्रभित्र रहेका निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा) व्यवसायीहरूले स्टक प्रमाणित (मौज्दात वैधता मापन, SVM) गर्नुपर्ने कानुनी प्रावधान अनुसार आ.व. २०८०/८१ मा इच्छाकामना गाउँपालिका क्षेत्रभित्र आफूले ठेक्का वा खरिद मार्फत प्राप्त गरी भन्डारण गरी राखेको निर्माण सामग्रीहरुको परिमाण खुलेको प्रमाण संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजात सहित परिमाण प्रमाणित गर्न इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मिति २०८१।०५।०२, आइतबारदेखि स्टक प्रमाणित भएको बिन्दु वा बिक्रेताबाट मात्र ढुङ्गा, गिट्टी, बालुवा बिक्री वितरण र ओसार पोसार गर्न पाइने व्यहोरा अवगत गराउँदै स्टक प्रमाणित नभएको बिक्री केन्द्र, प्राप्तीको श्रोत नखुलेका व्यवसायीबाट वा अन्य कसैले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बिंक्री वा ओसार पसार गरेको पाइएमा त्यस्तो नदीजन्य निर्माण सामग्री अवैध ठहर गरी जफत तथा कानुन बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा आदेशानुसार जानकारीको लागी अनुरोध छ ।

परिमाण प्रमाणित गर्न पेश गर्नुपर्ने कागजातहरुः
क. निर्माण सामग्री प्राप्तिको श्रोत (ठेक्का वा खरिद सम्बन्धि कागजातहरु)
ख. मौज्दात खुलेको विवरण,
ग. आ.व. २०८०।८१ मा भएको खरिद तथा बिक्री किताब,
घ. सम्बन्धित फर्म/कम्पनी/व्यक्तिले उल्लिखित कार्य गर्न लिएको ईजाजत पत्र
ङ. निवेदन

बोधार्थः
श्री जिल्ला समन्वय समितिको कार्यालय, भरतपुर, चितवन ।
श्री जिल्ला प्रशासन कार्यालय, भरतपुर, चितवन ।
श्री ईलाका प्रहरी कार्यालय, मुग्लिङ, चितवन ।
श्री वडा कार्यालय सबै ।

नोटः सु.प्र.अ website मा update र सम्बन्धित सबैमा E-mail गर्नुहुन।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत